बुढीगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातिमुडा, मोरङ
कोशी प्रदेश, नेपाल

# मिति २०८३/०५/ १५ गते सोमबार बुढीगंगा गाउँकार्यपालिकाको बैठकका निर्णयहरु

१. निर्णय नं. १ बुढीगंगा गाउँ कार्यपालिकाको यस अघिको ८१ औं बैठकका निर्णयहरूको कार्यान्वयनको अवस्था सम्बन्धी समिक्षा गरियो ।

२. निर्णय नं. २ मिति २०८३/०५/१५ गतेको यस बुढीगंगा गाउँपालिकाको विपद् व्यवस्थापन समितिको तपसिलको निर्णय अनुमोदन गर्ने

क) भोटेकोशी र त्रिशुली नदिमा आएको अप्रत्याशित र आकस्मिक विनाशकारी वाढीबाट प्रभावित नागरिकहरूको उद्धार, राहत, उपचार तथा पुर्नस्थापना कार्यमा ऐक्यवद्धता जनाउँदै सहयोग पुर्याउने उदेश्यले तपसिल अनुसारको रकम कट्टा गरी नेपाल सरकारको आधिकारिक प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उपलब्ध गराउने

- बुढीगंगा गाउँपालिका अध्यक्षले प्राप्त गर्ने सेवा सुविधाबाट रकम रु २३०००।००
- बुढीगंगा गाउँपालिका उपाध्यक्षले प्राप्त गर्ने सेवा सुविधाबाट रकम रु १५०००।००
- बुढीगंगा गाउँपालिकाका वडा अध्यक्षहरुले प्राप्त गर्ने सेवा सुविधाबाट रकम रु ११०००।००
- बुढीगंगा गाउँपालिकाका कार्यपालिका सदस्यहरुले प्राप्त गर्ने सेवा सुविधाबाट रकम रु ५१००।००
- बुढीगंगा गाउँपालिकाका वडा सदस्यहरुले प्राप्त गर्ने सेवा सुविधाबाट रकम रु २५००।००
- बुढीगंगा गाउँ कार्यपालिकाको कार्यालय तथा मातहतका कार्यालयहरू (वडा कार्यालय, स्वास्थ्य संस्था) मा कार्यरत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुको तलवभत्तामध्ये कम्तिमा अधिकृतस्तर कर्मचारीको कम्तिमा ५ दिन बराबरको, सहायकस्तर कर्मचारीको कम्तिमा ३ दिन बराबरको रकम र अन्य श्रेणी विहिन कर्मचारीको कम्तिमा २ दिन बराबरको रकम
- बुढीगंगा गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा कार्यरत सम्पूर्ण शिक्षक र कर्मचारीहरुको तलव भत्ता मध्ये अधिकृतस्तरको आधारभुत तलब स्केल प्राप्त गर्ने शिक्षक तथा कर्मचारीको कम्तिमा ५ दिन बराबरको, सहायकस्तर आधारभुत तलब स्केल प्राप्त गर्ने शिक्षक तथा कर्मचारीको कम्तिमा ३ दिन बराबरको रकम र बाल विकास सहजकर्ता तथा अन्य श्रेणी विहिन कर्मचारीको कम्तिमा २ दिन बराबरको रकम

ख) भोटेकोशी र त्रिशुली नदिमा आएको अप्रत्याशित र आकस्मिक विनाशकारी वाढीबाट प्रभावित नागरिकहरूको उद्धार, राहत, उपचार तथा पुर्नस्थापना कार्यमा ऐक्यवद्धता जनाउँदै कर्मचारी, विद्यालय शिक्षक र कर्मचारी तथा जनप्रतिनिधिको कट्टा गरिएको रकम समेत जोडी हुन आउने रकममा यस गाउँपालिकाको चालु आ.व. ०८३/०८४ मा विपद् व्यवस्थापन कोषमा विनियोजित रकम मध्येबाट थप गरी जम्मा रकम रु २० लाख १ हजार १ सय ११ रुपैया पुर्याई प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उपलब्ध गराउने।

३. निर्णय नं. ३ यस बुढीगंगा गाउँपालिकाको प्रशासनिक भवन निर्माण गर्नका लागि बुढीगंगा-५ निवासी योगमाया कार्कीबाट निशुल्क जग्गा प्राप्ती गर्ने ।

प्रमाणित